

# अविश्रान्त राजनीतिकर्मी गोपाल शाक्य



*गोविन्द प्रसाद दुलाल*

नेपालको राजनीतिमा पनि निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्थाको शुभारम्भ गर्न राजनीतिक चेतनाको दियो बाल्नु त्यो बेला सोचेभन्दा निकै कठिन थियो । त्यही कठिन कार्यको शुरु गर्ने मध्येका एक हुनुहुन्थ्यो गोपाल शाक्य । १५/१६ वर्षे किशोर वि.सं. २०२७ सालमा काठमाडौं डिल्लीबजारको विजय मेमोरियल हाइस्कूलमा पढ्नुहुन्थ्यो । उहाँ ९ कक्षामा पढ्दादेखि नै मानवतावादी प्रगतिशील विचारबाट प्रभावित हुन थाल्नुभयो ।

विशेषत: महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कविता पढेपछि उहाँले पनि कविता, निबन्ध लेख्न थाल्नुभएको थियो । दाजु प्रमानन्द बज्राचार्यले युगकवि सिद्धिचरण श्रेष्ठसँग परिचय गराइदिनुभयो । परिचयकै क्रममा उहाँको आत्मकथा शीर्षकको कविता सुनेर सिद्धिचरण श्रेष्ठ धेरै खुशी हुनुभएको थियो । त्यसपछि उहाँले नै शाक्यलाई नेपाली साहित्य र राजनीति, राणाशासन विरुद्धको जनक्रान्ति लगायत विषयमा आफ्नो अनुभव सुनाउँदै सहीद धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, दशरथ चन्द र गङ्गालाल श्रेष्ठको त्याग र बलिदानले भरिएका जीवनगाथा, प्रजातन्त्र, न्याय र समानताको लागि नेपालका क्रान्तिकारीहरुले गरेका सङ्घर्ष, जेलजीवन आदिबारे बताएपछि शाक्य प्रभावित हुनुभयो ।

## कम्युनिष्ट आन्दोलनमा प्रवेश

वि.सं.२०२८ सालमा एसएलसी पास गरेपछि उहाँले पहिला महेन्द्ररत्न क्याम्पस र पछि त्रिचन्द्र कलेजमा पढ्नुभयो । त्यही वर्ष घुम्दै भारतको

आसाम, नागाल्याण्ड र मणिपुरतिर पुग्नुभयो। त्यहाँ उहाँका साथीहरु लालबीर क्षेत्री, गोपाल जैसी, धर्मलाल भुसाल र दिलु सुवेदीले नेपाल कम्युनिष्ट पार्टी र पुष्पलालबारे जानकारी गराए। त्यसपछि शाक्यले नेपाल आएर चीन, सोभियत संघ, मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओत्सेतुङ, किम इलसुङ आदिको पुस्तक पढ्न थाल्नुभयो। यी पुस्तकहरूको अध्ययनबाट कम्युनिष्टहरु असल मान्छे हुँदारहेछन् भन्ने उहाँको मनमस्तिष्कमा बस्यो। त्यसपछि आफ्नै पहलमा नेपालको कम्युनिष्ट आन्दोलनमा सक्रिय हुन थालेको उहाँ स्मरण गर्नुहुन्छ।

वि.सं.२०२९/३० सालमा निरंकुश राजतन्त्र तथा निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध परिस्थिति हेरेर प्रजातन्त्र र जनगणतन्त्र प्राप्तिका लागि भूमिगत र खुल्ला, कानुनी र गैरकानुनी, सशस्त्र र शान्तिपूर्ण तरिकाले जनसङ्घर्ष, वर्गसङ्घर्ष र जनआन्दोलन गर्नुपर्छ भन्ने राजनीतिक चेतनाको विकास उहाँमा भइसकेको थियो। राजतन्त्रको पूर्ण अन्त्य र जनगणतन्त्र नेपाल प्राप्तिको लागि शान्तिपूर्ण सङ्घर्षले मात्र हुँदैन, सशस्त्र जनक्रान्ति नै गर्नुपर्छ भन्ने सोच पनि विकास हुँदै थियो। तर यस्तै सोच भएका उहाँसहित ६०/७० जना कुनै पार्टीमा संगठित थिएनन्। संगठनको खोजीमा भने थिए।

कमरेड माधव पौडेल, प्रदीप नेपाल र शाक्य तीन जनाको कुनै नाम नदिएको केन्द्र थियो। उहाँहरु बारम्बार बैठक बस्ने, सामूहिक अध्ययन गर्ने, कार्ययोजना बनाउने र कार्यान्वयनमा लैजाने गर्नुहुन्थ्यो र कार्य विभाजन पनि गरिएको थियो। विद्यार्थी र किसानबीच माधव, बुद्धिजीवी, शिक्षक र सङ्गीतकारबीच प्रदीप र मजदुर, साना व्यवसायी र साहित्यकार माझ शाक्यले सम्पर्क र सङ्गठन विस्तारको जिम्मा लिनुभयो।

वि.सं.२०२९ देखि ०३२ सालको बीचमा उहाँहरुले विभिन्न ठाउँमा ५-७ जनासम्म सदस्य रहेको १२/१५ वटा मार्क्सवादी अध्ययन मण्डलहरु भूमिगत रुपमा चलाउनुभयो। यस्ता अध्ययन कक्षाहरु बालसेवा

स्कूल (झोंछे), नेपाल चीन मैत्री संघ (वसन्तपुर), होटेल कृष्टल (जुद्ध सडक), नेपाल-कोरिया मैत्री समाज (दरबारमार्ग), नेपाल आदर्श स्कुल (भोटेबहाल) लगायतका ठाउँमा सञ्चालित थिए । अध्ययन कक्षामा मार्क्स र एंगेल्सद्वारा लिखित कम्युनिष्ट घोषणापत्रदेखि झापा विद्रोहपछि लिथो गरेर निकालिएको पत्रिका गोरिल्ला युद्धसम्मका अध्ययन सामग्रीहरु पुग्थे ।

२०३०/३१ सालतिर उहाँहरुको अग्रसरतामा ६६ जना सदस्य रहेको 'साहित्य अध्ययन समिति' बन्यो । त्यसको अध्यक्ष वीरेन्द्र शाक्य, उपाध्यक्ष सिरो सन्दाइ, महासचिवमा गोपाल शाक्य र कोषाध्यक्ष अमुदा श्रेष्ठ हुनुहुन्थ्यो । त्यस समितिले हृदयचन्द्र सिंह प्रधान, लुसुन (चिनियाँ साहित्यकार) र गोर्कीको सम्झनामा कविता गोष्ठी, गाउँगाउँ र टोलटोलमा गीति कार्यक्रम जस्ता कार्यक्रम गर्ने गर्दथ्यो ।

वि.सं.२०२८ देखि २०३२ साल करिब पाँच वर्ष नेपाल-भारत मैत्री संघको पुस्तकालय, नेपाल-चीन मैत्री संघको पुस्तकालय, नेपाल सोभियत मैत्री संघको पुस्तकालय, नेपाल-कोरिया मैत्री समाजको पुस्तकालय, नयाँ सडकको अमेरिकन लाइब्रेरी, ब्रिटिस काउन्सिललगायतको सदस्य भएर पुस्तकहरुको अध्ययनले उहाँको चेतना र ज्ञानको विकासमा धेरै सहयोग पुऱ्याएको थियो ।

वि.सं.२०३१ मा बीए पढ्दै थिएँ । त्यसैबेला 'बुर्जुवा शिक्षा बहिष्कार अभियान' चल्यो । आज सम्झिँदा त्यो अभियान उग्रवाम विचारकै उपज रहेछ । तर त्यसबखत व्यक्तिगत स्वार्थ त्यागेर क्रान्तिकारी बाटो हिँड्न भने यस अभियानले धेरै सहयोग पुऱ्याएकै थियो । त्यही वर्ष उहाँको सम्पर्क भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को केन्द्रीय संगठन कमिटीका सदस्य कमरेड गोपाल जैसी र अर्का एकजना कमरेडसँग भयो । उनीहरुलाई चीनको सीमानासम्म पुऱ्याइदिनुभयो ।

## 'मुस्लो परिवार', पर्चाकाण्ड र गिरफ्तारी

वि.सं. २०३३ साल वैशाख १९ गते ८६औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे दिवस) को उपलक्ष्यमा नेपालको राजतन्त्र तथा निर्दलीय पञ्चायती व्यवस्था विरुद्ध जनगणतन्त्र नेपालको माग राखेर 'मुस्लो परिवार' शुरु भयो । मजदुर, किसान, युवा, विद्यार्थी, महिला लगायत सबैलाई एकजुट भएर अघि बढ्न आव्हान तथा झापा किसान विद्रोहलाई समर्थन गर्दै 'मुस्लो परिवार' को नामबाट लिथो गरेको पर्चा काठमाडौं, भक्तपुर र पाटनका धेरै ठाउँमा उहाँहरुले छर्नुभयो । ५०/६० जना युवाहरूको सहभागितामा राती १२ बजेसम्म साइकल, मोटरसाइकलको प्रयोग गरेर घरघर र पसल-पसलमा टाँस्ने, उपत्यकाबाट बाहिर जाने बसको सीटमा राखिदिने, नारायणहिटी दरबार र सिंहदरबारभित्र फाल्ने र भित्तामा टाँस्ने काम हुन्थ्यो । यो पर्चाको ड्राफ्ट माधव, प्रदीप र गोपाल तीनजनाले गर्नुभएको थियो । गोपालले वीरबहादुर लामाको सहयोगमा नेपाल-कोरिया मैत्री समाजको लिथो मेसिनबाट प्रिन्ट गर्नुभएको थियो ।

'पर्चा काण्ड' पछि राजा वीरेन्द्र र प्रधानमन्त्री तुलसी गिरीको निर्देशनमा उहाँहरुको खोजी हुन थाल्यो । सुरुमा माधव पौडेल, त्यसपछि वीरबहादुर लामा लगायत सय/डेढसय जनालाई काठमाडौंमा गिरफ्तार गरियो । सोधपुछपछि धेरै जसोलाई धरौटीमा छाडियो । यसैबीच २०३३ जेठमा प्रदीप नेपाल र गोपाल शाक्यलाई धरानबाट गिरफ्तार गरी विराटनगर जेलमा राखियो ।

पछि काठमाडौं ल्याएर हनुमान ढोका प्रहरी थानामा राखेर अञ्चलाधिश कार्यालय (रत्नपार्क) मा बयान लिइयो । बयानको क्रममा औँलामा सियो रोप्ने, नाकबाट खुर्सानी र पानी हाल्दिने, लठ्ठिले पैतालामा हिर्काउने आदि यातना दिइयो । प्रदीप, माधव र गोपाल तीनैजनालाई १०/१० वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना तोकियो भने वीरवहादुर लामालाई ५ वर्ष कैद र ५ हजार रुपैयाँ जरिवानाको फैसलासहित पहिला डिल्लीबजार खोर

र त्यसपछि सेन्ट्रल जेलमा राखियो । यो पर्चाकाण्डमा रामकृष्ण दुवाल, राजेन्द्र पाण्डे, झिल्के रुम्बा लगायतलाई पनि मुद्दा लागेको थियो ।

वि.सं.२०३३ सालको पर्चा काण्डसँग जोडिएर जेठमा गिरफ्तार भएपछि भद्रगोल जेल, सेन्ट्रल जेल र सेन्ट्रलसँगै महिला जेल गरी तीनवटा जेलमा राखियो । डिल्लीबजार खोरबाट अरु साथीहरूसँगै ल्याएर जेल पुऱ्याउँदा प्रदीप र गोपाललाई सेन्ट्रल जेलमा र माधव पौडेल र वीरबहादुर लामालाई भद्रगोल जेलमा राखियो । सेन्ट्रल जेल पुग्दा त्यहाँ मोहनचन्द्र अधिकारी, केपी ओली, राधाकृष्ण मैनाली, छविलाल राजवंशी, निमुसिंह राजवंशी, सानो दुर्गा कार्की, ठूलो दुर्गा कार्की, हर्क खड्का आदिसँग भेट भयो ।

विराटनगर बमकाण्डमा परेका नेपाली काँग्रेसका नेता भीमनारायण श्रेष्ठ र ओखलढुङ्गा टिमुरे काण्डका यज्ञबहादुर थापा कप्तान पनि त्यहाँ हुनुहुन्थ्यो । उहाँहरुलाई फाँसी दिनुभन्दा दुईतीन दिन अगाडि भन्नुभएको थियो, “राजा र राजतन्त्र रहेसम्म देशमा प्रजातन्त्र आउँदैन । हामीलाई मार्छ होला । अब देश र जनता तपाईंहरुको जिम्मा ।” उहाँहरु दुवैलाई अज्ञात ठाउँमा लगेर गोली हानेर मारियो ।

उहाँहरु जेलभित्र पनि सानासाना समूह बनाएर वरिपरि डुल्दा, बस्दा, सुत्ने ठाउँ जता पनि सानो स्वरमा बोलेर एकआपसमा विचार आदानप्रदान गर्नुहुन्थ्यो । जेलभित्रै उहाँहरुको दृढता र अठोट अझ बलियो हुँदै थियो । गोपाल शाक्यको विशेष जिम्मेवारी बाहिरबाट आएका सामग्रीहरु कापीमा गोप्यरुपमा पढ्न तयार पार्ने, गोप्य पत्र, सामग्रीहरु कागतीको रस कलममा भरेर लेख्ने थियो । जुन काम सर्तकताका साथ गर्नुपर्थ्यो ।

सेन्ट्रल जेलमा २०३३ साउन ४ गते जेलको कोठा नम्बर १ मा घनेन्द्र बस्नेतसँग सपथग्रहण गर्दै प्रदिप नेपाल, राजेन्द्र पाण्डे र सुवास नेम्वाङसँगै गोपाल शाक्य पनि अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (मार्क्सवादी लेनिनवादी) को सदस्य हुनुभयो । सानो स्वरले

कम्युनिष्ट हुनुको महत्वबारे दीक्षित गर्दै घनेन्द्र कमरेडले भन्नुभएको थियो, "आजदेखि तपाईंहरुको नयाँ जीवन सुरु भयो ।" जेलभित्र चौकीदार, भाइ चौकीदार र कोठामा सुचना दिने पहरेदारहरु, जेल प्रशासन, प्रहरी सबै मिलेर अनेक शोषण र उत्पीडन गर्थे ।

सरकारले दिने रासन कम दिने, कम गुणस्तरको दिने, जेलको पसलमा कम गुणस्तरको सामान महँगोमा बिक्री गर्ने, कमजोर बन्दीहरुलाई अमानवीय व्यवहार गर्ने, भात पकाउन, मालिस गर्न लगाउने, समलिङ्गी सम्भोग गर्न बाध्य बनाउने, जुवातास खेलाउने, महँगो ब्याजमा ऋण लगानी गर्ने लगायत गतिविधि गर्ने/गराउने गर्थे । चौकीदार पदको लागि जेलमा 'कू' पनि हुन्थ्यो 'कू' गर्न राजनीतिक बन्दीहरुले भड्काएको आरोप लगाएर २०३३ कार्तिकतिर गोपाल शाक्यहरुलाई नक्खु जेलमा सरुवा गरियो ।

कमरेड गोपाललाई जेलब्रेक हुँदासम्म नख्खुमा नै राखियो । उहाँहरुले जेलभित्रै तरकारी खेती गरेको र खरायो पनि पाल्नुभएको थियो । २२ जना जतिको सामूहिक भान्सा (मेस) थियो । त्यो मेसमा मोहनचन्द्र अधिकारी, केपी शर्मा ओली, राधाकृष्ण मैनाली, चन्द्रप्रकाश मैनाली, घनेन्द्र बस्नेत, नरेश खरेल, भीष्म धिमाल, हर्क खड्का, जीवन मगर, निमूसिंह राजवंशी, अशोक न्यौपाने, नारद वाग्ले, वीरबहादुर लामा, प्रदीप नेपाल, कामेश्वर हलुवाई, धर्म घिमिरे, सूर्य कन्दङ्वा आदि थिए । नक्खु जेलमा त्यसबखत नेपाली काँग्रेसका नेता मार्शल जुलुम शाक्य, भिमबहादुर तामाङ, कृष्णप्रसाद भट्टराई लगायत ३०/३५ जना पनि भएको गोपालले स्मरण गर्नुहुन्थ्यो ।

### जेलबाट भाग्न सुरुङ खन्दा

गोपाल शाक्यहरु नक्खु जेल कमिटीमा हुँदा भएका छलफलमा जेलबाट भाग्नुपर्छ, भन्नेमा सबैको एकमत थियो । तर निस्कने तरिकाको बारेमा फरक-फरक विचार थियो । अन्तिममा सुरुङ खन्ने निचोडमा पुगेपछि बैठकले विभिन्न व्यक्तिहरूबीच काम विभाजन गरेको थियो ।

कार्यविभाजनको निर्णय अनुसार गोपाललाई सुरुङ खन्ने, सुरुङभित्रबाट माटो, ढुङ्गा बाहिर ल्याएर कोठाको खाटमुनि, भान्साको चुल्हो वा बगैंचा र तरकारी बारीमा व्यवस्थापन गर्ने काम दिइयो ।

सुरुङ खन्ने काम खरायोको खोरको छेउबाट शुरु गरिएको थियो । खन्ने औजार फलामको छाताको डण्डी, तरकारी बारीमा प्रयोग गर्ने कुटो, भात चलाउने फलामको पन्यूँ थिए । खन्ने समूहमा मूलतः वीरबहादुर लामा, माधव पौडेल, जीवन मगर, निमुसिंह राजवंशी, भिष्म धिमाल, नारद वाग्ले र गोपाल शाक्य हुनुहुन्थ्यो । एकजनाले खन्दा अर्कोले माटो बोरामा राख्ने र अर्कोले बोरा तानेर सुरुङ बाहिर ल्याउने गरी काम विभाजन गरिन्थ्यो ।

सुरुङ ५/६ फिट तल गएपछि तेर्सो खनिएको थियो । हरेक तीन/चार हातको दुरी खनेपछि बसेर फर्किने ठाउँ बनाइन्थ्यो । खनेको ठाउँमा पानी रसाएर हिलै हुन्थ्यो । एकदिन त सुरुङ भास्सियो । भात पकाउन ल्याएको चिरुवा दाउराको टेको लगाइयो । खन्दाखन्दै एकदिन प्रहरी गार्ड डुल्ने बाटोमा प्वाल पार्न पुगेछन् । त्यहीबेला हिँडेको आवाज सुनेर रोकिए ।

अन्त्यमा चैत ११ गते माधव खन्दै थिए, गोपाल शाक्य पछाडि माटो ओसार्दै थिए । माधवले भने 'आलु भेटियो ।' त्यसपछि सानो प्वाल पारेर बाहिर हेरे र बोराले बन्द गरिदिए । अब खन्ने काम सकियो । गोपाल शाक्यहरुलाई सुरुङ खन्न एक महिना दुई दिन लागेको थियो । सुरुङ खन्दा आवाज बाहिर नजाओस् भनेर सर्तक हुनुपर्थ्यो । गीतका बोलहरुले सतर्क हुन, आरामसँग खन्न, होसियारपूर्वक काम गर्न र रोक्न सङ्केत गर्न फरक-फरक गीत तयार पारिएको थियो । बाहिर साथीहरु सुनेर बस्थे । आवाज बढी आएमा गीत गाएर सर्तक हुने सङ्केत गरिन्थ्यो ।

सुरुङ खनिरहँदा प्रहरी प्रशासनका मानिस त्यतातिर नआउन् भनेर प्रहरी, प्रशासन र अन्य बन्दीहरुलाई गीत-सङ्गीतले भुलाउने काममा प्रदीप नेपाल, हर्क खड्का, नरेश खरेल, घनेन्द्र बस्नेतको टीम सक्रिय थियो ।

त्यसबेला कमरेड सीपी मैनाली कमिटीका सचिव हुनुहुन्थ्यो। सबैको सामूहिक नेतृत्व, सही कार्यविभाजन र सबैको दृढताले नै जेलब्रेक गर्न (जेलबाट भाग्न) सम्भव भएको थियो। गोपाल शाक्यहरुको नक्खु जेल विद्रोह निर्दलीय पञ्चायती व्यवस्था र राजतन्त्र विरुद्धको न्यायोचित विद्रोह थियो।

## जेलबाट भागेर पार्टी सम्पर्कसम्म

गोपाल शाक्य २०३३ मा जेलमै हुनुहुन्थ्यो। वि.सं.२०३३ चैत्र १२ गते साँझ ७ बजेतिर ठूलो आँधी तुफान आयो, बत्ती गयो। एकघन्टा बत्ती नआएपछि पार्टी कमिटीको निर्देशनमा उहाँहरु सुरुङभित्र पस्नुभयो। सुरुङमा पसेको केही बेरमै बत्ती आयो। उहाँहरुलाई सुरुङ बाहिर निस्कने आदेश भयो। फेरि २०/२५ मिनेटपछि एउटा कोठामा जम्मा भएर हेर्दा कमरेड माधव पौडेल सुरुङबाट निस्किसकेको थाहा भयो। सबैजना चिन्तित भए।

आजै राती बत्ती निभाएर वा बत्ती बलेकै अवस्थामा पनि जेलबाट निस्कनु पर्छ भन्ने निर्णय भयो। बत्ती निभाउने दोस्रो तेस्रो प्रयासमा कमरेड नारद वाग्लेले शौचालयमा भएको नाङ्गो तारमा फलामको रडले हानेर शर्ट गर्नुभयो। ठूलो आवाजसहित बाहिरको ट्रान्सफर्मर पड्कियो र बत्ती निभ्यो। फेरि पहरेदार लाइट, लालटिन आदि लिएर कोठा-कोठामा हेर्न आए। माधवभित्र नभएकोले एउटा सिरानीलाई मान्छे सुताए जस्तो बनाएर माधवजीको टाउको दुख्यो भन्दै सुम्सुम्याएर बस्नुभयो, पहरेदार ढोकाबाटै फर्कियो।

माधव निस्किएको करिब दुई घण्टापछि गोपाल शाक्यहरु फेरि सुरुङमा पस्नुभयो र एक/एक गर्दै निस्किनुभयो। सुरुङबाट निस्किएपछि नक्खु खोला र बागमतीको दोभानमा भेट्ने योजना थियो। अँध्यारोमा छामछुम गर्दै अलिक पर पुगेर बसेका थिए। एउटा हातले गोपाल शाक्यको हातमा च्याप्प समायो। गोपालले को हो ? भनेर सोध्नुभयो, जवाफमा नारदले '

म' भन्नुभयो । गोपाल शाक्यले छ्यामछ्युम गर्दै त्यही दोभान आसपासमा साथीहरु खोज्नुभयो तर फेला पार्न सक्नुभएन ।

झण्डै आधा घण्टापछि बागमती नदी तरेर हात्तीवनतिर लाग्नुभयो । अँध्यारोले बाटो देखिएको थिएन । हिँड्दै जाँदा एउटा काँडाघारीमा पुग्नुभएछ । सिमसिम पानी परेको थियो । अलिअलि उज्यालो भएपछि थाहा भयो, उहाँहरु हात्तीवनको ऐँसेलुघारीमा हुनुहुँदोरहेछ । साथीहरु पक्कै वीरबहादुर कमरेडकै गाउँ फाखेलतिर गए होलान् भनेर त्यतै जानुभयो ।

बिहान ८/९ बजे फर्पिङको तल गाउँमा पुग्नुभयो । एउटा घरमा पुगेर हामी शिक्षक हौँ । बाटो बिरायौँ । फाखेल जाने बाटो कता हो ? भनेर गोपाल शाक्यलगायतले सोधनुभयो । ती मान्छेहरुले माथि डाँडाबाट तेर्सो गए पुगिने बताए । त्यही घरमा मोही र मकै मागेर खाएर केही मकै झोलामा हालेर हिँड्नुभयो । उहाँ बल्लबल्ल ललितलाल श्रेष्ठ (कमरेड पुष्पलालको भाइ) को घर डल्लु पुग्नुभयो ।

ललितलालको घरमा बसेर अर्का साथी सहदेव सापकोटालाई बोलाएर ल्याउनुभयो । चारजना जम्मा भएर यहीँ बस्न खतरा हुने भएकाले बरु सहदेवको मावलीघर छत्रेदेउराली (धादिङ) जानु ठिक हुन्छ भन्ने निष्कर्ष निकालियो । ललितले चिउरा र तरकारी किनेर ल्याए र खान दिए । खाएपछि रातको २ बजेतिर हलचोक, सीतापाइला, भीमढुङ्गा हुँदै बिहान टोली छत्रेदेउराउली धादिङ पुग्नुभयो । काठमाडौं शहरबाट डुल्न आएको भन्ने बहाना बनाएर एकदुई दिन बस्नुभयो । त्यहाँ बस्दा उहाँहरु मल बोकेर खेतमा हाल्ने, हलो जोत्ने आदि काम पनि गर्दिनुभयो । तर त्यहाँ पनि नयाँ मान्छे को हुन् भन्ने चर्चा हुनथाल्यो ।

गोपालले छत्रेदेउरालीमा हलो जोत्न सिकाउने एक तामाङ साथीसँग रक्सी र एउटा कुखुराको भाले राखेर मित लगाउनुभयो । ती मितले अब फर्किंदा दुईपिपल बजार, गल्छी हुँदै फर्किन सुझाव दिए । उहाँ त्यही बाटो

लाग्नुभयो । गोपालले रातो टिका लगाएर पुरानो इस्टकोट, फाटेको टोपी, खुकुरी कम्मरमा भिरेर ‘ठुलाबडा’ जस्ता कोही देखिए भने जदौजदौ भन्दै बाटो छोड्दै हिँड्नुभयो । गल्छी पुगेर मोटरबाटो पार गरेर माथि गाउँबाट गजुरी कटेपछि फेरि सडकमा निस्किनुभयो । एउटा ट्रक रोकेर पछाडि डालीमा रक्सी खाएको अभिनय गरी घोप्टो परेर सुत्नुभयो । त्यतिकैमा बेनीघाट चौकीमा ट्रक रोकियो । प्रहरी चढेर चेक गर्न थाल्यो । प्रहरीले यो को हो भन्यो ‘ड्राइभरले एकजना मान्छे रक्सी खाएर मातेको छ हजुर’ भने । प्रहरीले उहाँलाई पिठ्यूँमा एकलात हिर्कायो र ट्रकबाट ओराल्यो ।

प्रहरीले मुख नहेरेकोमा गोपालले प्रहरीलाई मनमनै धन्यवाद भन्नुभयो । उहाँहरुले जोगिमारा-हात्तीवाङ-शक्तिखोर-टाँडी हुँदै ठोरी पुगेर भारत जाने योजना बनाउनु भएको रहेछ । हुक्दी खोलामा दहीचिउरा र तरकारी खाएपछि जोगीमारा गाउँको उकालो लाग्नुभयो तर हात्तीवाङ पुग्नु अगाडि नै भीरबाट लड्नुभएछ । होस आउँदा दुवै खुट्टा चलेको थिएन, जीउ दुखेको थियो । घस्रिँदै घस्रिँदै उहाँ हात्तीवाङ पुग्नुभयो । त्यहाँ पुगेर एउटा घरको ढोका ढक्ढक्याउनुभयो ।

घरबाट लाल्टिन देखाएर एकजना निस्किए र के भयो भनेर सोधे । सोध्ने मान्छे हात्तीवाङ साझा पसलका व्यवस्थापक रहेछन् । लडेर घाइते भएको देखेपछि बास दिए । नजिकै पसल खोल्न लगाएर खाना खुवाए र एक बोतल रक्सी दिँदै आधा खान र आधा शरीरमा दुखेको ठाउँमा दल्न सुझाव दिए । त्यो रक्सीले औषधीको काम गर्ने बताए । भोलिपल्ट बिहान घरबेटीलाई धन्यवाद दिएर तोरीको तेल बोक्ने भरिया साथीहरुसँग खुट्टा खोच्याउँदै हिँड्नुभयो ।

शक्तिखोर पुग्नु अगाडिको डाँडा देउरालीबाट तल खोलामा प्रहरी देखियो । त्यसपछि उहाँले एकजना तेल बोक्ने भरियासँग दही खाएर मित लगाउने प्रस्ताव राख्नुभयो । ती भरियाले पनि माने । दुई-तीन गिलास दही किनेर खोलाको बगरपारी खाना पकाएर खाने सल्लाह भयो । खोला पुगेपछि

गोपालले पूजा गरेर निधारमा दाग भएको ठाउँमा सिन्दुरको टीका लगाउनुभयो । हतारहतार खाना खाएर मितको डोको र खाली जर्किन बोक्नुभयो भने आफ्नो झोला मितलाई बोक्न लगाएर आफू अघिअघि हिँड्नुभयो ।

गोपाल भोलिपल्ट ठोरीनेर भगवानपुर गाउँमा बास बसेर चुरे पर्वत छिचोल्दै भारतको गाउँ हुँदै बस चढेर नरकटियागञ्ज शहर पुग्नुभयो । त्यहाँ एउटा मारवाडीको होटलमा भाँडा माझ्ने काम गरिरहेको बेलामा एक नेपालीलाई भेट्नुभयो । ती व्यक्तिलाई गोपाल शाक्यको जाकेट भारु ३५ मा बिक्री गरेर त्यही पैसाले रक्सौल पुग्नुभयो । त्यहाँ पहिले चिनेको साथी वीरगञ्जका गयाप्रसाद यादव भेट्नुभयो । यादवले एकजना मुसलमान टेलर मास्टरसँग परिचय गराए । उनी भाकपा (माले) समर्थक थिए ।' बस्दै गर्नुहोस्, म भोलि आउँछु' भनेर गएका साथी गयाप्रसाद दुई हप्तासम्म फर्किएनन् ।

पार्टी सम्पर्कमा जाने उहाँको मिसन भने पूरा भएन । त्यसपछि निराश भएर रक्सौलको संगम होटेलमा भाँडा माझ्ने काममा लाग्नुभयो । एकदिनमै ज्वरो आयो, अन्ततः टाइफाइड नै भयो । मद्दतको लागि प्यूखाको फुपूको घरमा पत्र लेखे । पत्र पाएपछि भाइ नविन्द्र शाक्य र साथी देव बज्राचार्य त्यहीँ संगम होटेल आइपुगे । उहाँको अवस्था देखेर छक्क परे । त्यसपछि संगम होटेलबाट बिदा भएर बसमा मोतीहारी हुँदै मुजफ्फरपुर शहर पुगेर एक होटेलमा बस्नुभयो । त्यहाँबाट भाइ र साथीलाई बिदा गरेर उनीहरुले ल्याइदिएको कपडा, जुत्ता, सुटकेस र भारु चारहजार लिएर आसामको गुवाहाटीतिर जानुभयो ।

वि.सं.२०३४ वैशाखदेखि असारसम्म तीन महिना भारतको पूर्वाञ्चल आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर राज्यको धेरै ठाउँमा पुग्नुभयो । अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (मार्क्सवादी-लेनिनवादी) को राजनीतिक लाइनको प्रचार गर्दै त्यहाँका प्रवासी नेपालीहरुलाई ल्याउने

काममा लागेको उहाँ सम्झिनुहुन्छ । त्यसक्रममा कमरेड पुष्पलाल समर्थक पूर्वाञ्चल भारतको सांस्कृतिक मोर्चा विघटन गरी त्यसका सचिव दिल सहनी र सदस्यहरु राधा ज्ञवाली, मोहन शर्मा, तुलबहादुर, लालबिन क्षेत्री, धर्मलाल भुसाल, अमर गिरीहरूसँग सहमत भएर 'कोके'को राजनीतिक लाइनमा लामबद्ध हुनुभएको थियो । त्यही जेठमा आसामको गुवाहाटीमा कमरेड जीवराज आश्रित र मोदनाथ प्रश्रितसँग भेट भयो । उहाँहरुको हातमा प्रदिप नेपाललाई पत्र पठाएर २०३४ साल साउन १२ गते गोरखपुर रेल स्टेशनमा प्रदीप नेपालसँग भेटेर गोरखपुर, नौतनवा हुँदै बुद्ध जन्मिएको भूमि लुम्बिनीमा फर्किएर फेरि देशभित्रको पार्टी काममा लाग्नुभयो ।

## उपचारका लागि 'मुर्दा' बन्दा

परासी र रुपन्देही जिल्लामा भूमिगत हुँदा उहाँलाई एकचोटी उहाँलाई मुटु सम्बन्धी रोग लाग्यो, साथीहरुले बचाउन गाह्रो भएको भनेपछि उपचारका लागि भारत लैजाने कुरा भयो । पञ्चायत सरकारले जेल तोडेर भाग्नेहरुको ३० हजार फोटो बनाएर हरेक चौकी र सुरक्षा निकायमा पठाएको थियो । त्यही भएर बोर्डर कटाउन गाह्रो हुने भएकोले 'मुर्दा' बनाएर 'राम नाम सत्य' हो भन्दै पारी पुर्‍याइयो । सीमा पार भएपछि साथीहरुले 'मुर्दा' बिसाए, उहाँ उठ्नुभयो । त्यो देखेर नजिकै केही पर खेतमा काम गरिरहेका किसानहरु मुर्दा उठेर हिँडेको भन्दै भागे । आजका पुस्ताहरूले पत्याउनै गाह्रो पर्ने यस्ता कयौँ घटना उहाँले भोग्नुभएको छ ।

### पार्टी/संगठन निर्माण र विकास

गोपाल शाक्य निर्वासित जीवनबाट २०३४ मा स्वदेश फर्केपछि प्रदीप नेपालसँग रुपन्देहीमा अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी कोअर्डिनेसन कमिटी (माले) को त्यो बेलाको 'एक एरिया, एक युनिट, एक एक्सन नीति' अनुसार 'गोरिल्ला दल' गठन गर्नतिर लाग्नुभयो । त्यही साउनमा महासचिव कमरेड सुवास (सीपी मैनाली) को निर्देशनपत्र पाउनुभयो । पत्रमा लेखिएको थियो, "कमरेड सिन्धु (प्रदीप नेपाल) सँग मिलेर

मुक्तिमोर्चाका कमरेडहरुलाई कोअर्डिनेसन कमिटीमा सामेल गर्दै त्यतै रहेर काम गर्नुहोला । अरु कुरा कमरेड सिन्धुसँग गर्नुहोला ।" २०३४ मा कमरेड सिन्धुले रुपन्देही जिल्लाको दक्षिण भेग र गोपाल शाक्यले उत्तरी भेग हेर्ने गरी पहिलो कार्य विभाजन गरियो । **छपिया चिलाहा**मा कमरेड अमरको घरमा हलियाको भेषमा हलो जोत्ने, पाटा पिट्ने काम गर्दै ' गोरिल्ला दल/अध्ययन दल' बनाएर पार्टी सङ्गठन विस्तार गर्ने कार्य सुरु गर्नुभयो । त्यसबेला गोपालको नाम टेकनाम विक्रम थापा राख्ने पनि कमरेड प्रदीप नेपाल नै हुन् । गोपाल शाक्यले पार्टी निर्माणमा गरेका महत्वपूर्ण कार्यहरु निम्नानुसार छ :

- २०३४ साल भदौमा मुक्ति मोर्चा समूह 'कोके'मा सामेल गराउने जिम्मेवारी निभाएको ।
- २०३४ साल असोज/कार्तिकतिर अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारीको कोअर्डिनेसन कमिटी (मार्क्सवादी-लेनिनवादी) पश्चिम-दक्षिण क्षेत्रीय कमिटी गठन गर्नुभएको । रुपन्देही जिल्लाबाट प्रदिप नेपाल, गुल्मी-पाल्पा संयुक्त संगठन कमिटीबाट जीवराज आश्रित, कपिलवस्तु अर्घाखाँचीबाट मोदनाथ प्रश्रित, नवलपरासीबाट गोपाल शाक्य र कमिटीको सचिव प्रदीप नेपाल हुनुहुन्थ्यो ।
- २०३४/३५ सालतिर नेकपा (चौम) का सचिव विष्णु लामिछाने लगायत नवलपरासी जिल्ला कमिटीका बहुमत सदस्यहरुलाई गोपाल शाक्यले कोकेमा प्रवेश गराउनु भएको थियो । त्यसलगत्तै चितवन जिल्ला नेकपा (चौम) का नरबहादुर खाँड, विष्ण धव लगायत साथीहरुलाई कोकेमा प्रवेश गराउनु भएको थियो । उहाँलाई कोकेको सदस्यता दिई चितवनमा सङ्गठन विस्तार गरिएको थियो ।
- २०३५ पुसमा नेकपा (माले) गठनमा महत्वपूर्ण भूमिका निभाउनुभयो ।

- २०३५ सालमा दाङको 'सन्देश समूह' का कमरेड नेत्रलाल पौडेल 'अभागी' र शिवराज गौतमसँग दाङको लमही र रुपन्देहीको बुटवलमा भेटघाट र वार्ता गरी नेकपा मालेमा सामेल गराउनुभयो ।
- २०३४-२०३७ साल पुससम्म नवलपरासी जिल्लाको पार्टीको सचिवको भूमिकामा रहेर त्यहाँ सुकुम्बासी किसान आन्दोलनको नेतृत्व गर्दै पार्टी र जनसङ्गठनहरुको निर्माण तथा विस्तारको काममा सक्रिय भूमिका निभाउनुभयो ।
- २०३७ माघमा नेकपा (माले) पश्चिम-दक्षिण क्षेत्रीय कमिटीको सचिवको भूमिका निभाउनु भयो ।
- २०३७ मा पाल्पा-गुल्मी संयुक्त कमिटी फुटाएर अलग-अलग जिल्ला कमिटी बनाइयो । शाक्य पाल्पा जिल्ला सङ्गठन कमिटी नेकपा (माले) को सचिव हुनुभयो ।
- २०३९ साल साउनमा भएको भेलामा १४ वटा विषयमा उहाँका मदभेद थिए । त्यही मतभेदको कारण पार्टीले दक्षिणपन्थी संशोधनवादीको आरोपमा पार्टीबाटै निष्कासन गर्यो । त्यसपछि उहाँले २०४० वैशाख १ गते स्वतन्त्र वामपन्थीको रुपमा वक्तव्य निकाल्नुभयो ।
- २०४०-२०४४ सालसम्म वामपन्थी एकता आन्दोलनका सहभागीको नाममा सबै कम्युनिष्ट र वामपन्थीहरुको एकताका लागि दबाब समूह बनाइ त्यही समूहको नेताको रुपमा भूमिका निर्वाह गर्नुभयो । त्यसक्रममा कमरेड मनमोहन अधिकारी, साहना प्रधान, बलराम उपाध्याय, तुल्सीलाल अमात्य, सिद्धिलाल सिंह, पद्मरत्न तुलाधर, लक्ष्मीभक्त उपाध्याय, शम्भुराम श्रेष्ठ, कृष्णराज बर्मा, विष्णुबहादुर मानन्धर, निर्मल लामा, भरतमोहन अधिकारी लगायतसँग भेट गरेर एउटै कम्युनिष्ट पार्टी बनाउन आग्रह गर्दै तुरुन्त एकता सम्भव नभए वामपन्थी एकता गर्न आग्रह गर्नुभयो ।

- २०४१ मा तनहुँको गाईघाटमा २५ जिल्लाका वामपन्थी प्रतिनिधिहरुको भेला, २०४२ सालमा प्रगतिशील युवाहरुको राष्ट्रिय भेला, २०४३ साल रुपन्देही जिल्ला टटेरामा कमरेड नाथु कुमालको घरमा २६ जिल्लाका वामपन्थी प्रतिनिधिहरुको भेलाको संयोजन एवं नेतृत्व उहाँबाटै भयो ।
- २०४४/४५ मा नेकपा (माले) ले उहाँले राख्नुभएको मतभेद मध्ये धेरै कुरा स्वीकार गरेपछि उहाँलाई पार्टी पुनः फर्किएर काम गर्ने अवसर दियो । २०४६ भदौमा नेकपा (माले) ले आयोजना गरेको पार्टीको चौथो महाधिवेशनमा नुवाकोट जिल्लाबाट प्रतिनिधित्व गरेर पार्टी केन्द्रीय कमिटीको वैकल्पिक केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो ।
- २०४६ असोजदेखि २०४७ कार्तिकसम्म राप्ती अञ्चल सचिव तथा पार्टीको नेतृत्वमा हुने जनसंघर्ष, आन्दोलन र २०४६ को संयुक्त जनआन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह ।
- २०४७ कार्तिकदेखि माघसम्म नेकपा (माले) बागमती अञ्चलको सचिव ।
- २०४७ माघमा नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकतापछि नेकपा (एमाले) बागमती अञ्चल सचिव ।
- २०४८-२०५० असारसम्म मध्यमाञ्चलको प्रतिनिधिको रुपमा राष्ट्रियसभा सदस्य (सांसद) ।
- २०४९ माघमा सम्पन्न नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशनमा केन्द्रीय कमिटी सदस्य निर्वाचित ।
- २०४९ देखि धौलागिरी अञ्चल इन्चार्ज ।
- २०५१/५२ मा सहकारी विकास बोर्डको सहअध्यक्ष ।
- २०५२/५३ मा नेकपा एमालेको भारत प्रवास इन्चार्ज ।
- २०५४ सालमा उपप्रधानमन्त्री वामदेव गौतमको प्रमुख राजनीतिक सल्लाहकार ।
- २०५५ सालमा पुन भारत प्रवास इन्चार्ज ।

- २०५६ मा पार्टी विभाजन हुँदा नेकपा (माले) केन्द्रीय कमिटी सदस्य, केन्द्रीय कार्यालय सचिव र केही समय आर्थिक विभाग प्रमुख ।
- २०५७ मा नेकपा माले उपत्यका ब्यूरो इन्चार्ज ।
- २०५७/५८ मा नेकपा माले केन्द्रीय स्थानीय निकाय विभाग प्रमुख ।
- २०५८ मा नेकपा माले पुनः नेकपा (एमाले) मा सामेल भएपछि एमाले केन्द्रीय कमिटी सदस्य र केन्द्रीय निर्वाचन विभागको प्रमुखका रुपमा निर्वाचन सम्बन्धी नीति, नियम, निर्देशनहरुलाई सुदृढ बनाउन पहल ।
- २०५९ मा पार्टी सातौँ महाधिवेशनमा नेकपा (एमाले) को केन्द्रीय सदस्यमा निर्वाचित भएपछि केन्द्रीय सम्पर्क विभागको जिम्मेवारी ।
- २०६२/६३ को जनआन्दोलन र जनक्रान्तिमा नेतृत्व गर्ने क्रममा पटक पटक गिरफ्तार ।
- २०६५ सालमा युवा तथा खेलकुद मन्त्रीको जिम्मेवारी दिएर पार्टीले सरकारमा पठाएपछि ११ वर्षदेखि रोकिएको पाँचौ राष्ट्रिय खेलकुद प्रतियोगिता गराउन सफल ।
- २०६५ सालमा आठौँ महाधिवेशनपछि पार्टी केन्द्रीय सल्लाहकार परिषद् सचिव ।
- २०७१ भदौदेखि तुल्सीलाल स्मृति प्रतिष्ठानको कार्यकारी अध्यक्षको जिम्मेवारी सफलतापूर्वक निर्वाह गरिरहनु भएको छ ।

## पारिवारिक जीवन

वि.सं. २०११ भदौ १२ गते आमा पद्मावती शाक्यको कोखबाट गोपालको जन्म भएको हो । उहाँका बुबा पृथ्वीबहादुर काठमाडौँ झोछें टोलको उच्च वर्गीय परिवारको हुनुहुन्थ्यो । उहाँहरुको पुर्ख्यौली पेशा सुन, चाँदी, हिरा, रत्न जस्ता सामानहरुको व्यापार थियो । बुबाले भारतको मुम्बइ, आसाम,

मणिपुर र नागाल्याण्डसम्म पुगेर कपडाको व्यापार र होटल व्यवसाय पनि गरेको भएर उहाँ पनि सानैदेखि व्यापार व्यवसायमा लागिसक्नु भएको थियो । करिब १०/१२ वर्ष उमेरको हुँदा ठूलो बुबा तीर्थबहादुर शाक्यसँगै ज्या:सल (गहना पसल) मा बस्नुहुन्थ्यो । काठमाडौंको झोंछे टोलमा वि.सं.२०२२ सालमा सबैभन्दा ठूलो क्यूरियो पसल शिखर कला प्रा.लि. उहाँहरुकै थियो । झोंछे टोल विदेशी पर्यटकहरुको आगमनको केन्द्र थियो । पसलमा बसेर विदेशीसँग कुरा गर्दागर्दै उनले १२/१३ वर्षमै राम्रो अंग्रेजी भाषा बोल्न पनि जानिसक्नु भएको थियो ।

सम्पन्न परिवारको भए पनि गोपाल भने राजनीतिक परिवर्तन गरेर आत्मसम्मान र मौलिक हक स्थापना गरी सामाजिक न्यायसहितको बहुदलीय प्रजातन्त्र प्राप्तिका लागि भूमिगत कम्युनिष्ट राजनीतिमा होमिएर संघर्षपूर्ण र पीडादायी जीवन बिताउनुभयो । भूमिगत हुँदै उहाँको शारदा कोइरालासँग भेटघाट र चिनजान भयो । शारदा हाल नेकपा एमालेका उपाध्यक्ष अष्टलक्ष्मी शाक्यको पनि साथी हुनुहुन्थ्यो । शारदासँगको चिनजान २०३८ सालमा जनवादी विवाहमा परिणत भयो । केही साथीहरु जम्मा भएर विवाहको तयारी हुँदै गर्दा त्यहाँका जमिन्दारहरुले प्रहरीलाई खबर गरिदिएछन् । पार्टी सशस्त्र क्रान्तिमा भएकाले साथीहरुले पनि हातहतियार तयार गरे । अन्ततः माला, ताली र चियाबाटै विवाह सम्पन्न भयो । तर नवदम्पत्तिलाई कहाँ भित्र्याउने भन्ने ठेगान नभएपछि पढ्न बसेका चिनजानका विद्यार्थीको कोठामा लगियो ।

शारदा शिक्षिका हुनुहुन्थ्यो, त्यसैले बिहेको केही दिनपछि नै काठमाडौँ आउनुभयो । शारदा पाटनमा बस्ने र गोपाल भूमिगत भएकाले विवाह भएको कसैलाई थाहा थिएन । तर उहाँहरूबाट छोरी (प्रतीक्षा) को जन्म भयो । शारदालाई कसरी छोरी हुर्काउने ? कसको घरमा बस्ने भन्ने चिन्तासँगै कसको छोरी हो भन्ने प्रश्न पनि आउन थाल्यो । पाटीले अनुमति नदिएकाले शारदाले श्रीमान कार्की थरका ठेकदार हुन् भन्नुभयो, सही परिचय दिनुभएन । त्यो भएर शाक्य पक्राउ पर्नबाट जोगिनुभयो ।

प्रजातन्त्र प्राप्तिको संघर्षका कारण गोपाल शाक्यसँगै शारदाको जीवन पनि संघर्षपूर्ण र पीडादायी रुपमै बित्यो। बच्चा जन्माएपछि बस्नको लागि छुट्टै ठाउँ खोज्नुपर्‍यो। बल्लबल्ल घरमा बस्ने व्यवस्था मिल्यो। त्यहाँ तुलसा थापा (क.वामदेव गौतमको श्रीमती) ले ल्याइदिएको एक माना घिउले ठुलो सहयोग पुगेको थियो। उहाँहरुको अर्को सन्तान छोरा प्रतिकको पनि जन्म भयो। तर विडम्बना २६ वर्षको दाम्पत्य जीवनपछि क्यान्सरका कारण शारदाको २०६४ साल कार्तिक ९ गते निधन भयो। अहिले गोपाल कुनै व्यक्तिगत व्यवसायमा लाग्नुभएको छैन र लाग्ने सोचमा पनि हुनुहुन्न। पूर्णकालीन राजनीतिबाट देश र जनताको सेवामै समर्पित उहाँ उच्च वर्गीय व्यापारी परिवारबाट कम्युनिष्ट आन्दोलनमा महत्वपूर्ण योगदान दिने व्यक्तित्व हुनुहुन्छ।

---

*लेखक नेकपा एमाले केन्द्रिय सदस्य हुनुहुन्छ।*